कम्पनीले आफ्नो जारी पुँजी रु. ८०,००,००,०००/– (अक्षरेपी अस्सी करोड मात्र) मध्ये १०% अर्थात रु.८,००,००,०००/– (अक्षरेपी आठ करोड मात्र) रकम बराबरको रु.१००/– अंकित दरको ८,००,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र अर्थात काभ्रेपलान्चोक जिल्लाका (पाँचखाल नगरपालिका वडा नं. ७) स्थानीय बासिन्दाहरुका लागि र बाँकी ११.२५% अर्थात् रु.९,००,००,०००/– (अक्षरेपी नौ करोड मात्र) रकम बराबरको रु. १००/– अंकित दरको ९,००,००० कित्ता साधारण शेयरको १०% अर्थात ९०,००० कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरी विदेशमा बसी रोजगार गरी रहेका नागरिकहरुको लागि सार्वजनिक निष्काशन गरिएको ।

साथै, नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारीमा रहिरहेका नेपाली नागरिकहरुका लागि छुट्टाइएको शेयर सम्पूर्ण बिक्री नभएमा बिक्री नभए बराबरको शेयर समेत समायोजन गरी सर्वसाधारणमा निष्काशन गरिने छ ।

क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण

इस्युअर रेटिङ्ग सम्बन्धी विवरण स्वीकृत विवरणपत्र अनुसार निष्काशन जारिने साधारण शेयरको लागि घितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्युअर रेटिङ्ग जराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०७८ को नियम ३ बमोजिम नेपाल घितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लिमिटेडबाट इस्युअर रेटिङ्ग जराई "CARE-NP BB+(Is) [Double B Plus (Issuer)] रेटिङ्ग प्राप्त गरेको छ । CARE-NP BB+(Is)] "Moderate risk of default regarding timely servicing of financial obligations, in Nepal" जनाउँदछ जसको नेपालीमा "समयमै वित्तीय दायित्व भुक्तानीका सन्दर्भमा मध्यम स्तरको जोखिम रहेको" भन्ने बुझिन्छ । केयर नेपाल लिमिटेडले CARE-NP AAA(Is) देखि CARE-NP D (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड CARE-NP AAA(Is) ले बलियो आधार जनाउँछ र CARE-NP D(Is) ले कजाँको आधार जनाउँदछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ । सो सम्बन्धी विवरण स्वीकृत विवरणपत्रको दफा २२ (ट) को पृष्ठ नं. ७८ मा उल्लेख गरिएको छ ।

क्रेडिट रेटिङ्ग ग्रेड प्रदान गरेको मिति : २०८२/१०/०८ **क्रेडिट रेटिङ्ग ग्रेड बहाल रहने मिति : २०८३/१०/०३**

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति २०८३/०७/१९ तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति २०८३/०७/१९

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित तथा औषधी व्यवस्था विभागबाट ईजाजतपत्र प्राप्त

KKPL कान्तिपुर फर्मास्युटिकल्स ल्याब लिमिटेड
KANTIPUR PHARMACEUTICALS LAB LIMITED

रजिष्टर्ड कार्यालय : ललितपुर उप.म.न.पा.-८, ललितपुर, फोन नं.: ०१-५१८६६०४, ५१८६६०२, ९८०१८८२४४१
इमेलः info@kantipurpharma.com वेभसाइटः www.kantipurpharma.com

आह्वान–पत्र

यो विवरण-पत्र नभई केवल आह्वान-पत्र मात्र हो ।

संक्षिप्त वित्तीय विवरण

विवरण	वास्तविक			*प्रक्षेपित		
	आ.व.२०८०/८१	आ.व.२०८१/८२	आ.व.२०८२/८३	आ.व.२०८३/८४	आ.व.२०८४/८५	आ.व.२०८५/८६
प्रति शेयर आम्दानी (EPS) (रु.)	५.०२	४.०८	९३.८८	१५.४५	२०.८३	२३.८६
प्रति शेयर नेटवर्थ पर्नसम्ल्याङ्कन सहितका (रु.)	१०८.३५	१९२.३६	१२६.२४	१३५.५६	१५६.७६	१८०.४५
प्रति शेयर नेटवर्थ पर्नसम्ल्याङ्कन सहित (रु.)	१५५.०३	१२२.९४	१३६.७२	१४४.९६	१६४.८४	१८८.५०
जगेडा कोष तथा सचित नाफा/(नोक्सान) (रु.)	१५८,५१७,७७०	१४४,५१२,३५६	२३१,३१६,२८६	३५३,४१६,४४०	५१८,७४७,४२०	७०७,९६९,६३०

** लेखापरिक्षकबाट प्रमाणित वित्तीय विवरण ।*

स्वीकृत विवरणपत्र मार्फत कर्मचारीहरु र संस्थापक शेयरधनीहरुलाई साधारण शेयर बाँडफाँड भएको मितिले तीन वर्ष पुरा नभएसम्म बिक्री वितरण गर्न पाइने छैन ।

कर्मचारी, सञ्चालकहरु तथा संस्थापक शेयरधनीहरुका एकाघरको सदस्यले स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने प्राथमिक सार्वजनिक निष्काशनमा आवेदन दिन पाउने छैनन् ।

आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि साधारण शेयरको बिक्री खुल्ला अवधिः

निष्काशन खुल्ला हुने मिति	: २०८३/०८/१० गते देखि
निष्काशन बन्द हुने मिति (छिटोमा)	: २०८३/०८/२४ गते (बैंकिङ्ग समय पश्चात्) सम्म
निष्काशन बन्द हुने मिति (ढिलोमा)	: २०८३/०९/१३ गते (बैंकिङ्ग समय पश्चात्) सम्म

वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि साधारण शेयरको बिक्री खुल्ला अवधिः

निष्काशन खुल्ला हुने मिति	: २०८३/०८/१० गते देखि
निष्काशन बन्द हुने मिति (छिटोमा)	: २०८३/०८/१५ गते (बैंकिङ्ग समय पश्चात्) सम्म
निष्काशन बन्द हुने मिति (ढिलोमा)	: २०८३/०८/२४ गते (बैंकिङ्ग समय पश्चात्) सम्म

आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि

दरखास्त दिनु पर्ने न्यूनतम शेयर संख्या : १० कित्ता
दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : १०,००० कित्ता

वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि

दरखास्त दिनु पर्ने न्यूनतम शेयर संख्या : १० कित्ता
दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : ७,००० कित्ता

कूल वर्तमान मूल्य	आन्तरिक प्रतिफल दर (IRR)	लगानी फिर्ता हुने अवधि	डिस्काउन्टेड लगानी फिर्ता हुने अवधि
१,५९९,८६६,७५८	२४.२७%	४.५०	५.७१

दरखास्तसाथ प्रति शेयर रु.१००/– का दरले शतप्रतिशत भुक्तानी गर्नुपर्ने ।

लगानीकर्ताले घितोपत्रको सार्वजनिक निष्काशनमा लिस्टित वा वित्तीय माध्यामबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

१.	**कम्पनीको नाम :** कान्तिपुर फर्मास्युटिकल्स ल्याब लिमिटेड (Kantipur Pharmaceuticals Lab Limited)
२.	**कुन ऐन अन्तर्गत स्थापित भएको हो कुरा :** कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।
३.	**संस्थाको रजिष्टर्ड ठेगाना :** यस संगठित संस्थाको रजिष्टर्ड कार्यालय ललितपुर महानगरपालिका वडा नं. ८, बालकुमारी, ललितपुर जिल्ला, नेपालमा रहेको छ । सम्बन्धित निकायको स्वीकृति लिई अन्य स्थानमा पनि शाखा तथा सम्पर्क कार्यालय खोल्न वा रजिष्टर्ड कार्यालय सार्न सकिनेछ ।
४.	**कारोबार गर्ने मुख्य स्थान :** यस संगठित संस्थाको कारोबार गर्ने स्थान मुख्य कम्पनीको कर्पोरेट कार्यालय ललितपुर महानगरपालिका वडा नं. ८, बालकुमारी, ललितपुरमा रहेको छ । यस कम्पनीको उद्योग पाँचखाल नगरपालिका, होक्से-७, काभ्रेपलान्चोक जिल्लामा रहेको छ ।
५.	**संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाका मुख्य उद्देश्यहरु :** ***संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :*** कान्तिपुर फर्मास्युटिकल्स ल्याब लिमिटेडको आधिकारिक रूपमा मिति २०७३/११/०५ मा कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता नम्बर १६३९३१/०७३/०७४ अन्तर्गत दर्ता भएको थियो । स्वास्थ्य सेवा तथा पशु पोषण क्षेत्रमा योगदान पुऱ्याउने उद्देश्यका साथ औद्योगिक उत्पादनमा प्रवेश गर्ने लक्ष्य राखी कम्पनीले मिति २०७५/०१/१० मा औषधि व्यवस्था विभाग (DDA) मा उद्योग स्थापना सम्बन्धी सिफारिसका लागि आवेदन दिएको थियो । उक्त आवेदनका आधारमा मिति २०७५/०२/०१ मा उद्योग विभागबाट उद्योग स्थापना सम्बन्धी सिफारिस प्राप्त गरेको थियो । कम्पनीको रणनीतिक विस्तारका क्रममा कम्पनीले सोही दर्ता नम्बर अन्तर्गत मिति २०७५/०५/१२ मा उद्योग विभाग, त्रिपुरेश्वरबाट उद्योग दर्ता प्रमाणपत्र प्राप्त गरेको थियो । साथै कम्पनीले मिति २०७४/०९/२२ मा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर ६०५९९६१५३ प्राप्त गरी मिति २०७५/०९/०९ मा होक्से बजार-७, पाँचखाल, काभ्रेमा उद्योग स्थापनाको लागि उद्योग विभागबाट प्रारम्भिक वातावरणीय मूल्याङ्कन (IEE) स्वीकृती प्राप्त गरी उद्योग स्थापनाको लागी पूर्वाधार निर्माण तर्फका कार्यहरु शुरु गरी कम्पनीले मिति २०७८/०८/२३ मा उद्योग विभागबाट पशु आहार पूरक (Feed Supplement) उत्पादनका लागि इकाई उद्योग स्थापना गर्ने स्वीकृति प्राप्त गरी कम्पनीले आर्थिक वर्ष २०७७/७८ देखि आंशिक रूपमा व्यावसायिक उत्पादन प्रारम्भ गरेको थियो । आफ्नो लगानी क्षितिजलाई विस्तार गर्ने उद्देश्यका साथ कम्पनीले आर्थिक वर्ष २०७७/७८ देखि एलोप्याथिक औषधि उत्पादन क्षेत्रमा लगानी प्रारम्भ गरेको हो। सोही क्रममा आर्थिक वर्ष २०८०/८१ को चैत महिनामा औषधि व्यवस्था विभाग (Department of Drug Administration-DDA) बाट विभिन्न एलोप्याथिक औषधिहरू उत्पादन गर्न आवश्यक उत्पादन अनुज्ञापत्र प्राप्त गरेको थियो । प्राप्त अनुज्ञापत्रहरूमा VALBAZIN-200, VALBAZIN SUSPENSION- 60ml, VALBAZIN SUSPENSION-500 ML, KENOXIN SOLUTION-100 ML, KENOXIN SOLUTION-1000 ML, OTCYCLIN-500, OTCYCLIN-WS 5 %, 50 GM, OTCYCLIN-WS 5 %, 100 GM, V, ALBAZIN SUSPENSION, 30 ML, VALBAZIN SUSPENSION, 120 ML, VALBAZIN SUSPENSION, 5000 ML, KENOXIN-50 लगायत अन्य केही एलोप्याथिक औषधिहरू समावेश छन् । हालसम्म कम्पनीले विभिन्न नाम तथा ब्रान्डअन्तर्गत ३२ प्रकारका आहारपूरक (Supplements) उत्पादनहरू बजारमा बिक्री-वितरण गर्दै आएको छ । त्यसैगरी, एलोप्याथिक औषधितर्फ ६२ वटा विभिन्न औषधिको बिक्री-वितरण तथा उत्पादनका लागि आवश्यक अनुज्ञापत्र प्राप्त भई बिक्री-वितरण, अनुसन्धान तथा विकास (R&D) कार्य सञ्चालन भइरहेको छ । साथै, १०२ वटा विभिन्न एलोप्याथिक औषधिको उत्पादन अनुज्ञापत्र औषधि व्यवस्था विभाग (DDA) बाट स्वीकृत भइसकेका छन्। आर्थिक वर्ष २०८०/८१ मा प्राप्त उक्त स्वीकृतिपश्चात् हालसम्म कम्पनीले औषधि व्यवस्था विभागबाट कुनै नयाँ उत्पादन अनुज्ञापत्र वा थप स्वीकृति प्राप्त गरेको छैन । वृद्धि तथा व्यवसायिक विविधीकरणको सम्भावनालाई दृष्टिगत गर्दै, कम्पनीको मिति २०८१/०३/२४ गते सम्पन्न विशेष साधारण सभाबाट पारित विशेष प्रस्ताव बमोजिम कम्पनीलाई प्राइभेट लिमिटेडबाट पब्लिक लिमिटेडमा रूपान्तरण गर्ने निर्णय गरिएको थियो । उक्त निर्णयअनुसार कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८१/०३/२५ गते कम्पनी पब्लिक लिमिटेडमा रूपान्तरण भई मिति २०८१/०४/२७ गते कारोबार सञ्चालन स्वीकृति प्राप्त गरेको हो । त्यसैगरी, मिति २०८१/०९/०१ गते सम्पन्न वार्षिक साधारण सभाबाट पारित विशेष प्रस्ताव बमोजिम कम्पनीले प्रारम्भिक सार्वजनिक निष्काशन (IPO) गर्ने निर्णय गरेको छ । उक्त निर्णयले कम्पनीको पूँजी संरचनालाई सुदृढ बनाउँदै सर्वसाधारण लगानीकर्तालाई सहभागिता सुनिश्चित गर्ने तथा पारदर्शिता, सुशासन र दीर्घकालीन दिगो विकासप्रतिको कम्पनीको प्रतिवद्धतालाई प्रतिबिम्बित गर्दछ । ***यस कम्पनीको प्रबन्धपत्रको दफा ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छन्:*** (क) पशुपक्षी तथा माछाको आहारा (Animal and Aqua feed) पशुपक्षी तथा माछाको पोषक आहारा (Animal feed supplements) उत्पादन तथा बिक्री वितरण गर्ने र सो को उत्पादनको लागि आवश्यक कच्चा पदार्थको उत्पादन तथा आयात समेत गर्ने । (ख) फिड्प्रिमिक्स तथा फिड्सप्लिमेन्ट उत्पादन गरी बिक्री वितरण गर्ने । (ग) मानव तथा पशुपंक्षीको लागि आवश्यक पर्ने आयुर्वेदिक औषधीहरुको उत्पादन तथा बिक्री वितरण गर्ने । (घ) मानव तथा पशुपंक्षीको लागि आवश्यक पर्ने एलोपैथिक औषधी (Allopathic Medicine) उत्पादन तथा बिक्री वितरण गर्ने । (ङ) जडिबुटी खेती गर्नुका साथै जडिबुटीको सार (Herbal Extract) को उत्पादन गर्ने तथा बिक्री वितरण गर्ने । (च) जडिबुटीको सार (Herbal Extract) बाट फाइटो (Phyto) किटनाशक तथा जैविक मलको उत्पादन गर्ने तथा सो को बिक्री वितरण गर्ने । (छ) जडिबुटीको सार (Herbal Extract) बाट फाइटो (Phyto) पशुपंक्षीको आहारा तथा एमिनल फिड सप्लिमेण्टस् उत्पादन गर्ने तथा बिक्री वितरण गर्ने । (ज) जडिबुटीको सार (Herbal Extract) बाट फाइटो किटनाशक तथा जैविक मसको उत्पादन गर्ने तथा सो को बिक्री वितरण गर्ने । (झ) खाद्य, रसायन, जडिबुटी, भिटामिन, खनिज, पशु आहार, पशु पोषक आहार (Animal feed suppliments), मानव तथा पशुपंक्षीको लागि आवश्यक पर्ने एलोपैथिक औषधी मानव तथा पशुपंक्षीको लागि आवश्यक पर्ने आयुर्वेदिक औषधीको लागि अनुसन्धानमुलक प्रयोगशालाको स्थापना गरी सो को सञ्चालन गर्ने सेवा प्रदान गर्ने । (ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा आवश्यक पर्ने गुणस्तरीय भेटनरी औषधी भ्याक्सिन फिड्सप्लिमेन्ट, एमिनोएसिड तथा ती सँग सम्बन्धित अन्य आवश्यक वस्तुहरु उत्पादन गरी बिक्री वितरण गर्ने । (ट) औषधी विज्ञानको दक्ष प्राविधिकहरुको सहयोग सल्लाह लिई औषधीको राष्ट्रिय आवश्यकता परिपूर्ति गर्न, औषधीको कच्चा पदार्थ उत्पादन गर्न, औषधी र दाना परिपूर्ति गर्न र राष्ट्रलाई औषधीमा आत्मनिर्भर बनाउन प्रयत्नशील रहने । (ठ) ट्यावलेट, बोलस, पाउडर, इन्जेक्सन (पाउडर, भोल) स्लाइनका साथै आवश्यकता अनुसार मानव तथा पशुपंक्षीलाई आवश्यक पर्ने सबै प्रकारका औषधीहरु उत्पादन गरी बिक्री वितरण गर्ने । (ड) फिड्सप्लिमेण्ट, फिड्एडिटिभ्, मिस्रल, भिटामिन जस्ता अत्यन्त सवेदनशील पदार्थहरुको गुणस्तरयुक्त प्रमाणिकताका साथ किसानहरु माझ लान विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उद्योगसँग समन्वय गरी उत्पादन गरी बिक्री वितरण गर्नुका साथै कम्पनीबाट उत्पादित वस्तुहरु निर्यात समेत गर्ने । (ढ) भेटरी तथा मानवजन्य औषधी उत्पादन गर्न आवश्यक पर्ने सबै प्रकारका कच्चा पदार्थहरु भारत लगायत अन्य मुलुकबाट आयात समेत गर्ने । (ण) उल्लेखित उद्देश्यहरुसँग सम्बन्धित औषधी आपूर्ति सम्बन्धी बोलपत्रमा सहभागी भई बोलकबोल स्वीकार गरी सो बमोजिम औषधीहरु सप्लाई गर्ने गराउने । (त) औषधी विज्ञानसँग सम्बन्धित विषयमा दक्ष प्राविधिक मार्फत ट्रेनिङ्ग उपलब्ध गर्ने गराउने र सो सम्बन्धमा खोजमुलक अध्ययन अनुसन्धान समेत गर्ने ।
६.	**घितोपत्र जारी गर्नुको उद्देश्य :** (१) कम्पनीको प्रबन्धपत्रमा रहेको व्यवस्था अनुसार जारी पूँजीको १०% शेयर आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरुलाई तथा जारी पूँजीको ११.२५% शेयर सर्वसाधारणमा बिक्री गर्नुपर्ने प्रावधान अनुरुप शेयर सर्वसाधारणहरुमा (कम्पनीमा कार्यरत कर्मचारी, वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरु तथा साम्राहिक लगानी कोष समेत) निष्काशन गरी कम्पनीको चुक्ता पूँजी रु.८०,००,००,०००/- पुर्याउन । (२) कम्पनीले लिएको बैंक कर्जा रकम चुक्ता गर्ने वित्तीय जोखिम घटाउने, ब्याज रकम कम गर्ने र नयाँ मेसिनरी खरिद तथा उत्पादन विस्तार गर्नका लागि उपयोग गर्ने । (३) कम्पनीको वित्तीय एवम् आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न । (४) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गुनुपर्ने कार्यहरुको लागि आवश्यक पर्ने पूँजी संकलन गर्न । (५) आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि कम्पनीको घितोपत्र निष्काशन तथा बिक्री गरी स्थानीय बासिन्दाहरुलाई लगानीको अवसर दिन ।
७.	**कम्पनीको पूँजी संरचना सम्बन्धी विवरण :** **अधिकृत पूँजी:** कम्पनीको अधिकृत पूँजी रु.१,००,००,००,०००/- (अक्षरेपी एक अर्ब मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले १,००,००,००० थान शेयरमा विभाजन गरिएको छ । **जारी पूँजी:** कम्पनीको जारी पूँजी रु.८०,००,००,०००/- (अक्षरेपी अस्सी करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले ८०,००,००० थान शेयरमा विभाजन गरिएको छ । **चुक्ता पूँजी:** कम्पनीको चुक्ता पूँजी रु.६३,००,००,०००/- (अक्षरेपी त्रिसी करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले ६३,००,००० थान शेयरमा विभाजन गरिएको छ ।
८.	**निष्काशन पछिको चुक्ता पूँजी (समृद्धकृत गरिएको अवस्थामा सोही अनुरुप) :** कम्पनीको प्रबन्ध-पत्रको दफा ६ मा उल्लेख भए अनुसार सर्वसाधारणमा शेयरको निष्काशन गरी बाँडफाँड गरे पश्चात हुने चुक्ता पूँजीको संरचना : **संस्थापक शेयरधनीहरु** १ संस्थापक शेयरधनीहरु — साधारण शेयर संख्या: ६३,००,००० — चुक्ता पूँजी रकम (रु.): ६३,००,००,०००/- — पूँजी संरचना: ७८.७५% — भुक्तानी प्रतिशत: शत प्रतिशत २ क. उद्योग प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु — साधारण शेयर संख्या: १७,००,००० — चुक्ता पूँजी रकम (रु.): १७,००,००,०००/- — पूँजी संरचना: २१.२५% — भुक्तानी प्रतिशत: शेयर निष्काशन पश्चात् ख. सर्वसाधारण शेयरधनीहरु (विदेशी रोजगारमा रहेका नेपाली, सामुहिक लगानी कोष र कर्मचारीहरु समेत) **जम्मा** — साधारण शेयर संख्या: ८०,००,००० — चुक्ता पूँजी रकम (रु.): ८०,००,००,०००/- — पूँजी संरचना: १००% — भुक्तानी प्रतिशत: ***नोट :*** *उद्योग प्रभावित क्षेत्रका स्थानीय बासिन्दा तथा सर्वसाधारणहरुलाई बिक्री गरिने शेयर रकम चुक्ता हुन बाँकी रहेको छ ।*
९.	**आधारभूत शेयरधनी/संस्थापक/सञ्चालक सम्बन्धी विवरण :** **आधारभूत शेयरधनीको विवरण** क्र.सं. | नाम | ठेगाना | पद | उमेर (वर्ष) | राष्ट्रियता | धारण गरेको कुल शेयर | शेयर स्वामित्व (%) | शैक्षिक योग्यता | प्रस्तावित व्यापार/व्यवसायको अनुभव | अन्य क्षेत्रको अनुभव १ | श्री हेम राज बडाल | काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ३२ | अध्यक्ष | ५२ | नेपाली | ३६२००० | ५.७५ | उच्च माध्यमिक तह | पोल्ट्री क्षेत्रमा ३३ वर्ष भन्दा बढीको अनुभव, पोल्ट्री औषधि आयात तथा बजारीकरण, पशु चिकित्सा औषधि, हयाचरी, फार्म र पेलेट फिड्ड उद्योग जस्ता प्रमुख क्षेत्रहरुमा लगानी रहेकी छ । उहाँसँग बजारिकरण कौशल र देशभित्र पोल्ट्री उद्योग सञ्चालनको राम्रो अनुभव रहेको छ । | २ | श्री सुना सुवेदी | काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ३२ | संचालक | ४७ | नेपाली | २६७४००० | ४२.४४ | व्यवस्थापन संकायमा स्नातक | पोल्ट्री क्षेत्रमा २५ वर्ष भन्दा बढीको अनुभव, पोल्ट्री औषधि आयात तथा बजारीकरण, पशु चिकित्सा औषधिहरुको व्यापार, विभिन्न सामाजीक संस्थाहरुमा आवद्ता, रहेको । | ३ | श्री अनिश बडाल | काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ३२ | संचालक | २६ | नेपाली | ११००००० | १७.४६ | व्यवस्थापन संकायमा स्नातकोत्तर | ५ वर्ष देखिको भेटेरिनरी औषधि आयात, पोल्ट्री तथा स्थानिय व्यापार को अनुभव । | ४ | श्री मनोज पन्त | लमजुङ जिल्ला, राइनास, गा.वि.स. वडा नं.६ को परिवर्तित लमजुङ जिल्ला राइनास नगरपालिका वडा नं.६ | संस्थापक शेयरधनी | ३६ | नेपाली | १००००० | १.५९ | व्यवस्थापन संकायमा स्नातक उर्तिण | पोल्ट्री, भेटेरिनरी औषधि, पशु चिकित्सा औषधिहरुको व्यापारमा विगत १५ वर्षको अनुभव रहेको । | ५ | श्री जितेन्द्र नारायण श्रेष्ठ | काभ्रे जिल्ला उप्रचण्डी नाला गा.वि.स.वडा नं.३ को परिवर्तित काभ्रे जिल्ला बनेपा न.पा.वडा नं.४ | संस्थापक शेयरधनी | ३७ | नेपाली | १२५००० | १.९८ | स्नातक | पोल्ट्री, भेटेरिनरी औषधि, पशु चिकित्सा औषधिहरुको व्यापारमा विगत १५ वर्षको अनुभव रहेको । | ६ | श्री नवराज पौड्याल | बारा जिल्ला, निजगढ गा.वि.स.वडा नं.८ को परिवर्तित बारा जिल्ला निजगढ न.पा.वडा नं.९ | संचालक | ५१ | नेपाली | १११००० | १.७६ | स्नातकोत्तर | उहाँको पोल्ट्री उत्पादन र व्यापारमा एक दशक भन्दा बढीको विशेषज्ञता रहेको छ । उहाँले विभिन्न देशहरुमा बहुआष्ट्रिय कम्पनीहरुमा एक दशक भन्दा बढी समय काम गरेको अनुभव छ । उहाँ नेपाल हयाचरी उद्योग संघका कोषाध्यक्ष र पूर्ण स्वचालित प्रविधि सहितको हयाचरीले सुसज्जित फार्मको सञ्चालक समेत हुनुहुन्छ । | ७ | श्री अनन्त दाहाल | कास्की जिल्ला, डिकुरपोखरी गा.वि.स.वडा नं.२ को हाल चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं.४ | संस्थापक शेयरधनी | ३९ | नेपाली | १००००० | १.५९ | त्रिभुवन विश्वविद्यालय अन्तर्गत कृषि तथा पशु विज्ञान अध्ययन संस्थानबाट पशु विज्ञान स्नातक (B.V.Sc. & A.H.) र स्नातकोत्तर (M.V.Sc.) मा उत्कृष्ट श्रेणी प्राप्त गर्नु भएकोछ । सन् २०२० देखि उहाँले पशु विज्ञानमा विद्यावारिधि (PhD) को उपाधिका लागि अध्ययन गरिरहनु भएकोछ | उहाँ सन् २०१७ देखि हालसम्म विभिन्न कुखुरापालन फर्म र दाना उद्योगहरुमा पशु चिकित्सक सल्लाहकारको रूपमा कार्यरत हुनु हुन्छ । हाल उहाँ कृषि तथा वन विश्वविद्यालय, नेपाल अन्तर्गत पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकायको माझकोवायोलोजी तथा परजीवी विज्ञान विभागमा स्थायी प्राध्यापक (सह-प्राध्यापक) को रूपमा कार्यरत हुनुहुन्छ । | ८ | श्री नारायण ढुंगाना | सिन्धुपाल्चोक जिल्ला, फटकशिला, गा.वि.स. वडा नं. २ को परिवर्तित सिन्धुपाल्चोक जिल्ला मेलम्ची न.पा. वडा नं.१३ | संस्थापक शेयरधनी | ४७ | नेपाली | १२५००० | १.९८ | स्नातक | पोल्ट्री, भेटेरिनरी औषधि, पशु चिकित्सा औषधिहरुको व्यापारमा विगत १५ वर्षको व्यापक अनुभव रहेको । | ९ | श्री किसान दाना उद्योग प्रा.लि. | चितवन जिल्ला, भरतपुर नगरपालिका वडा नं.१२ | संस्थापक शेयरधनी | लागु नहुने | नेपाली | १००००० | १.५९ | लागु नहुने | लागु नहुने । | १० | श्री प्रदिप प्रसाद रेग्मी | धादिङ जिल्ला, जिवनपुर गा.वि.स. वडा नं. ९ को परिवर्तित धादिङ जिल्ला धुनिवेसी नगरपालिका वडा नं.५ | संस्थापक शेयरधनी | ४० | नेपाली | १००००० | १.५९ | उच्च माध्यमिक तह | पोल्ट्री, भेटेरीनरी औषधि, पशु चिकित्सा औषधिहरुको व्यापारमा विगत २१ वर्षको व्यापक अनुभव रहेको । | ११ | श्री सुजेन्द्र शाही | नुवाकोट जिल्ला,विदुर नगरपालिका वडा नं.९ | संस्थापक शेयरधनी | ४६ | नेपाली | १००००० | १.५९ | प्रमाणपत्र | पोल्ट्री, भेटेरिनरी औषधि, पशु चिकित्सा औषधिहरुको व्यापारमा विगत २१ वर्षको व्यापक अनुभव रहेको । | १२ | श्री दिवेश थापा | नुवाकोट जिल्ला, बिदुर नगरपालिका वडा नं.१ हाल काठमाण्डौ जिल्ला तारकेश्वर नगरपालिका वडा नं.९ | संचालक | ३८ | नेपाली | १००००० | १.५९ | स्नातक | पोल्ट्री क्षेत्रमा २५ वर्ष भन्दा बढीको व्यापक अनुभव, पोल्ट्री औषधि आयात तथा बजारीकरण, पशु चिकित्सा औषधिहरुको व्यापार, विभिन्न सामाजीक संथाहरुमा आवद्ता । | १३ | श्री सन्तोष कुमार सुवेदी | सर्लाही जिल्ला, इश्वरपुर गा.वि.स. वडा नं.७ को परिवर्तित सर्लाही जिल्ला इश्वरपुर नगरपालिका वडा नं.७ | संस्थापक शेयरधनी | ४४ | नेपाली | १००००० | १.५९ | स्नातक | पोल्ट्री औषधि बजारीकरण तथा व्यापार क्षेत्रमा २० वर्ष भन्दा बढीको व्यापक अनुभव रहेको । | १४ | श्री अमित कुमार भा | महोत्तरी जिल्ला, बथनाहा गा.वि.स. वडा नं.६ को परिवर्तित मनरासिसवा नगरपालिका वडा नं.१० | संस्थापक शेयरधनी | ४५ | नेपाली | १००००० | १.५९ | स्नातक | पोल्ट्री औषधि बजारीकरण क्षेत्रमा २० वर्ष भन्दा बढीको व्यापक अनुभव रहेको । | १५ | श्री विजय रानाभाट | का.जि.का.म.न.पा. वडा नं.९ | संस्थापक शेयरधनी | ४६ | नेपाली | १००००० | १.५९ | समाजसात्रमा स्नातकोत्तर, MA Major English | सामाजिक कार्य शिक्षण पेशा, खोज अन्वेशण तथा मार्केटिङ्ग क्षेत्रमा विगत १५ वर्षको लामो अनुभव । | १६ | श्री केदार राज पाण्डे | गोरखा जिल्ला पालुङटार गा.पा.वडा नं.६ | संस्थापक शेयरधनी | ५९ | नेपाली | १००००० | १.५९ | शिक्षा संकायमा स्नातकोत्तर, BSC भेटेरीनरी डाक्टर | नेपाल सरकारको पशुसेवा विभाग अर्न्तगत रहि उपसचिव तहमा कार्य गरेको अनुभव, पोल्ट्री र पशुसँग सम्बन्धित पशु चिकित्सा तथा परामर्शदाता तथा पशु चिकित्सा औषधिहरुको व्यापार । | १७ | श्री लगानी हब प्रा.लि. | काठमाडौ जिल्ला का.म.न.पा.वडा नं. ३० | संस्थापक शेयरधनी | लागु नहुने | नेपाली | १००००० | १.५९ | लागु नहुने | लागु नहुने । | १८ | श्री रविन पुरी | काठमाडौ जिल्ला नागार्जुन न.पा. वडा न ६ | संस्थापक शेयरधनी | ५३ | नेपाली | ३००००० | ४.७६ | व्यवस्थापन संकायमा स्नातक | श्री रविन पुरी नेपालको कुखुरापालन उद्योगमा एक प्रसिद्ध उद्यमी हुन् । उहाँले वि.सं. २०४८ देखि यस उद्योगमा सक्रिय रूपमा काम गर्दै आउनुभएको छ । कुखुरा दाना उद्योग, ह्याचरी र कोल्ड स्टोरेज (स्नटर हाउस) मा रणनीतिक लगानी गरेर उहाँले उद्योगमा एक व्यापक मूल्य शृङ्खला सफलतापूर्वक निर्माण गर्नुभएको छ । उहाँ नेपाल दाना उद्योग सङ्घका अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासघको कार्यकारी सदस्य समेत हुनहुन्छ । |
१०.	**संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरुको नाम, योग्यता :** क्र.सं. | कर्मचारीको नाम | पद \

(क्रमशः पृष्ठ नं. बाट)

वैदेशिक रोजगारमा रहेका नेपालीहरुको हकमा :

१. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति लिई विदेशमा बसी रोजगारी गरिरहेका नेपालीहरुले स्वीकृत विवरणपत्र अनुसार आवेदन गर्न पाउनेछन् ।
२. स्वीकृत विवरणपत्र अनुसार धितोपत्र खरिद गर्न चाहने नेपालीहरुले शेयरमा आवेदन दिँदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धि कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ ।
३. शेयरमा आवेदन गर्न विप्रेषण (रेमिट्यान्स) बचत खातामा पछिल्लो छ महिनामा कम्तीमा ५० हजार नेपाली रुपैयाँ सम्बन्धित आवेदकले आफु रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनु पर्नेछ ।
४. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले यसरी आवेदन गर्नका लागि डिम्याट अनिवार्य रहेकाले सम्बन्धित निक्षेप सदस्यहरुबाट प्रदान गरिने अनलाईन पोर्टलहरुबाट पनि डिम्याट खाता खोल्न सक्नेछन् ।
५. निष्काशित शेयरमा आवेदन दिई बाँडफाँडमा परेका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्ने छैनन् ।
६. आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाले ASBA अर्न्तगत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केंद्रिकृत वित्तुयिय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।
७. सिडिएस एण्ड क्लियरिङ लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् ।त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनुपर्नेछ ।
८. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फारामभा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँडमा समावेश नगरिने हुँदा आवेदन फारममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।
९. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछ :
   क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम ।
   ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्खत, सम्पर्क फोन नं., इमेल ठेगाना ।
   ग. खरिद गर्न चाहेको धितोपत्रको संख्या - अंक र अक्षरमा ।
   घ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम - अंक र अक्षरमा ।
   ब. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।
   च. आवेदकको हितग्राही-डिम्याट खाता नम्बर ।
१०. आवेदकहरुले आवेदन दिँदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय (Dormant) रहेको हुनु हुदैन ।
११. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनुपर्नेछ ।
१२. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।
१३. धितोपत्र खरिदको लागि दरखास्त दिँदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारमलाई आदेश बमोजिम गर्नेछ ।
१४. धितोपत्र बाँडफाँड गर्नु पूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनु पर्नेछ ।
१५. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात् बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फारममा उल्लेख गर्नु पर्नेछ ।
१६. रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनु पर्नेछ । यस अतिरिक्त रु.५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

१९. नियमावली, प्रबन्धपत्र प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणात्तमा लिन सक्ने हो सो सम्बन्धी विवरण:

१. कम्पनीको रजिष्टर्ड कार्यालय ललितपुर जिल्ला, ललितपुर महानगरपालिका-८ तथा यस निष्काशन कार्यका लागि नियुक्त धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक मुक्तिनाथ क्यापिटल लिमिटेड, काठमाडौँमा कार्यालय समयभित्र सम्पर्क राखी कम्पनीको प्रबन्धपत्र तथा नियमावली प्राप्त गर्न वा हेर्न सकिनेछ ।
२. स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिँदा आयोजना प्रभावित क्षेत्रका दरखास्तवालाले दरखास्तसाथ आफूले खरिद गर्न चाहेको साधारण शेयर संख्यामको प्रति साधारण शेयर रु.१००/- का दरले हुन आउने एकमुष्ट रकम निष्काशनको लागि तोकिएको संकलन केन्द्रहरुमा जम्मा गरी सो को सक्कल भौचर वा बैंक डाफ्ट संलग्न गरी दरखास्त दिनु पर्नेछ । आयोजना प्रभावित क्षेत्र बाहेकका सर्वसाधारण दरखास्तवालाले दरखास्तसाथ आफूले खरिद गर्न चाहेको साधारण शेयर संख्यामको प्रति साधारण शेयर रु.१००/- का दरले C-ASBA प्रणाली मार्फत आवेदन दिन सक्नेछन् ।
३. स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको हकमा दरखास्त दिँदा दरखास्तवालाले कम्तीमा १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले १० कित्ता भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम १०,००० कित्तासम्म साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिनु सक्नेछ साथै वैदेशिक रोजगारमा रहेका नेपालीहरुको हकमा दरखास्त दिँदा दरखास्तवालाले कम्तीमा १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले १० कित्ता भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम ७,००० कित्तासम्म साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिनु सक्नेछ ।

२०. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

निष्काशनबाट प्राप्त हुने कुल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिनेछ तत् सम्बन्धी विवरण :

कम्पनीले आफ्नो जारी पूँजीको २१.२५ प्रतिशत अर्थात रु.१७,००,००,०००/- (अक्षरेपी सत्र करोड मात्र) रकम बराबरको साधारण शेयर सर्वसाधारणलाई निष्काशन गर्नेछ । सो रकम देहाय बमोजिम कर्जा भुक्तानी र नयाँ मेसिनरी खरिद तथा उत्पादन विस्तार गर्नका लागि प्रयोग गरिनेछ ।

क्र.सं.	विवरण	रकम
१	ऋण भुक्तानी (आवधिक कर्जा तथा स्थायी संचालन पूँजी)	रु.१३,००,००,०००/-
२	मेसिनरी खरिद तथा नयाँ उत्पादन विस्तार	रु.४,००,००,०००/-

२१. विवरणपत्र, दरखास्त फाराम पाइने र दरखास्त साथ रकम बुझाउने स्थानहरु :

विवरणपत्र प्राप्त गर्न सकिने स्थानहरु :	
१	मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौं, वेवसाइटः www.muktinathcapital.com
२	कान्तिपुर फर्मास्युटिकल्स ल्याब लिमिटेड, ललितपुर उपमहानगरपालिका-८, ललितपुर (रजिष्टर्ड कार्यालय), वेवसाइटः www.kantipurpharma.com
३	नेपाल धितोपत्र बोर्डको वेवसाइट www.sebon.gov.np बाट समेत प्राप्त सकिनेछ ।

आयोजना प्रभावित क्षेत्रका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरुः

क्र.सं	दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने संकलन केन्द्रको नाम र ठेगाना
१.	मुक्तिनाथ विकास बैंक लिमिटेड, पाँचखाल, काभ्रेपलान्चोक
२.	मुक्तिनाथ विकास बैंक लिमिटेड, बनेपा, काभ्रेपलान्चोक
३.	सिन्धु विकास बैंक लिमिटेड, बनेपा, काभ्रेपलान्चोक
४.	सिन्धु विकास बैंक लिमिटेड, पाँचखाल, काभ्रेपलान्चोक

आवश्यकता अनुसार विवरणपत्रको स्वीकृति पश्चात पनि अन्य संकलन केन्द्रहरु थप गर्न सकिनेछ । साथै नेपाल धितोपत्र बोर्डबाट मिति २०७५/१०/०७ को निर्देशन बमोजिम आयोजना प्रभावित क्षेत्रका स्थानियबासिहरुले ऐच्छिक रुपमा आस्वा प्रणाली मार्फत पनि आवेदन दिन सक्ने छन् ।

***नोटः** आयोजना प्रभावित क्षेत्रका बासिन्दाले आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरु मार्फत आवेदन बुझाउँदा पालना गर्नुपर्ने शर्तहरु दफा १० (छ) को बुँदा ग.१ कु मा उल्लेख गरिएको छ । आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले शेयर खरिद आवेदन प्राप्त गर्नका लागि दरखास्त फारम वापत रु.२/- (दुई रुपैया) शुल्क बुझाउनुपर्नेछ ।*

वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको हकमाः

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त सरी आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालहरुबाट तथा सिडिएस एण्ड क्लियरिङ लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सि-आस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

माथि उल्लेखित संकलन केन्द्रहरुको अलावा नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुबाट आस्वा (ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ । साथै भौगोलिक जटिलता, मौसमी प्रतिकूलता, प्रकृतिक प्रकोप जस्ता कारणबाट विस्थापित हुने अवस्था सृजना भएका वा पेशा व्यवसायका कारण वा अन्य कुनै कारणबाट परियोजना प्रभावित क्षेत्रको संकलन केन्द्रमा मात्र दरखास्त दिन सहज नहुने विशेष परिस्थितिमा नेपाल धितोपत्र बोर्डको स्वीकृती लिई समित अवधिका लागि अन्य स्थानमा आवश्यकता अनुसार संकलन केन्द्र तोक्न वा थप गर्न सकिनेछ ।

२२. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :

यस सार्वजनिक निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	खाता नं.
१	श्री मुक्तिनाथ विकास बैंक लि., कमलादी, काठमाण्डौं ।	०३५१०२००४०६५३२०००१०२

साथै आवश्यकता अनुसार निष्काशन बन्द हुनु अगावै बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंकहरुलाई समेत यस धितोपत्र निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

२३. धितोपत्र बिक्री खुल्ला अवधि :

प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको हकमा आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई एक साथ आवेदन खुल्ला गरिनेछ जसमध्ये आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि निष्काशन गरिने शेयरहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तीमा १५ दिन र बढीमा ३० दिनसम्म हुनेछ भने वैदेशिक रोजगारीमा रहेका नेपालीलाई आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तीमा ४ कार्यदिन र बढीमा १५ दिनसम्म हुनेछ ।

२४. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानी कर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु श्री अनिल महर्जनज्यूलाई निजकै कार्यकक्षमा वा कार्यालय समय भित्र फोन नं.: ०१-४५४६१०८ मार्फत सम्पर्क गर्न सकिनेछ ।

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिँदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

यो शेयर सर्वसाधारणका लागि निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले ३ (तीन) वर्षसम्म बिक्री गर्न पाइने छैन ।

दरखास्त फाराममा निवेदकको आफ्नै खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, शाखा र खाता नं. अनिवार्य रुपमा खुलाउनु पर्नेछ ।

कम्पनी ऐन, २०६३ अन्तर्गत रजिस्टर्ड र धोपोत्र तथा औषधी व्यवसाय नियमावली २०७५ बमोजिम अनुमतिप्राप्त

KPL कान्तिपुर फर्मास्युटिकल्स ल्याब लिमिटेड
KANTIPUR PHARMACEUTICALS LAB LIMITED

रजिष्टर्ड कार्यालय : ललितपुर उप.म.न.पा.-८, ललितपुर, फोन नं.: ०१-५८६६०२, ५८८६०२, ५८०८८२४४१
इमेल: info@kantipurpharma.com वेभसाइट: www.kantipurpharma.com

आयोजना प्रभावित क्षेत्र अर्थात काभ्रेपलान्चोक जिल्लाका (पाँचखाल नगरपालिका वडा नं. ७) स्थानीय बासिन्दाहरुका लागि

साधारण शेयर खरिद दरखास्त फाराम

मार्फत:
मुक्तिनाथ क्यापिटल लि.
MUKTINATH CAPITAL LTD.
A Subsidiary of Muktinath Bikas Bank Ltd.
प्रधान कार्यालय, नारायणचौर, नक्साल, काठमाण्डौं
फोन नं. ४५४६१०८ / ०५ / ४५४६४७०
इमेल: info@muktinathcapital.com
वेभसाइट: www.muktinathcapital.com

प्रति दरखास्त फाराम रु.२/-

आवेदकको हालसालै खिचिएको **फोटो** (अनिवार्य)

कोड नं.

सि.नं.

श्री संचालक समिति,
कान्तिपुर फर्मास्युटिकल्स ल्याब लिमिटेड
ललितपुर-८, नेपाल ।

दरखास्त दिन पाउने न्यूनतम शेयर संख्या : १० कित्ता
दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : १०,००० कित्ता

हितग्राही खाता नं. DP ID / Client ID

महाशय,

त्यस कम्पनीको मिति २०८३/०७/१९ गते नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरण-पत्रको शर्तहरुको अधिनमा रही रु.१००/- अङ्कित दरको शेयर किता.....
खरीद गर्न इच्छुक भएकोले प्रति साधारण शेयर रु.१००/- को दरले रु. .....(अक्षरेपी .....
.....) यसै साथ संलग्न गरी पठाएको/बुझाएको छु/छौं । त्यस कम्पनीको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

दरखास्त फारामको नमूना

माग गरेको संख्या		शेयर बापत जम्मा गरेको रकम		मिति	
रकम बुझाएको कम्पनीको नाम र ठेगाना				भौचर / ड्राफ्ट नं.	
चेक छिएको बैंक वा वित्तीय संस्थाको नाम र ठेगाना			चेक नं.		
खाता रहेको बैंक / वित्तीय संस्थाको नाम					
खाता रहेको बैंक वा वित्तीय संस्थाको शाखा		खाता नं.			

Sources of Fund (For Rs. 0.5 million and above as per Directive issued by SEBON)
आयको स्रोत (रु. पाँच लाख र सो भन्दा बढीको लागि सोधिंदाट जारी निर्देशन अनुसार) वैधानिक रहेको स्व-घोषणा गर्नुहुन् ।

व्यापार (Business) ☐ सम्पत्ति बिकी (Sale of Assets) ☐ कर्जा (Loan) ☐ अन्य उल्लेख गर्नुहोस (Other, Please Specify) .....

निवेदकको पुरा नाम	नेपालीमा	श्री / श्रीमती / सुश्री / नाबालक	
	In English	Mr./Mrs./Miss/Minor	USE CAPITAL LETTER
स्थायी ठेगाना	बड्डा नं.	घर नं.	गाउपालिका / न.पा.	जिल्ला
Permanent Address	Ward No.	House No.	R. M./M.	District
सम्पर्क ठेगाना				
P.O. Box No.		P.O. Box District	नागरिकता प्रमाण-पत्र नं.	
PAN		Contact No.	नागरिकता जारी गरेको स्थान	
बाबुको नाम				
Father's Name				
बाजेको नाम				
Grandfather's Name				
पति / पत्नीको नाम				
संरक्षकको नाम (नाबालकको हकमा)				
Guardian's Name (Incase of minor)				

यस पेश्कश लाटि लगानी गरेको रकम जम्मानि सुद्धिकरण ऐनको बर्खिलाप हुने जारी आर्जन गरेको होइन । साथै मैले यसैसाथ उपलब्ध गराएको नागरिकता/अन्जतदर्ता प्रमाणपत्रको प्रतिलिपि र आवेदन प्रभावित क्षेत्रका बासिन्दा प्रमाणित हुने अन्य आवश्यक कागजातहरु र यस दरखास्त फारामका सुलाहरुको विवरण जोंची गरी । मैले यस कम्पनीको जेस्थापक/सेयरधनी तथा निजको हकदारबाटै परिचार नगरेको स्व: घोषणा गर्दछु । म/हामी संस्थाका प्रतिनिधि संयुक्त बनोजिम जेस्त/बुझेकाज जेसे/हामी जेस्दुछौं छ । मैले यस कम्पनीको निष्काशन जरेको विवरणपत्र पढी आफूले स्वविवेकले दरखास्त दिएको हो ।

नोटः रु. ५ लाख वा सो भन्दा माथिको आवेदन दिँदा आवश्योत्पन्न रुपमा आवेदन गर्ने व्यक्तिको नाममा रहेको बैंक खाताबाट मात्र पेश गर्नु पर्नेछ ।

पुनश्चः आवेदन फाराम भर्नु अघि यस आवेदन फारामको पछाडि पट्टि पृष्ठ रहेको बुँदा नं. १७ (आवेदन दिँदा ध्यान दिनुपर्ने कुराहरु) अध्ययन गर्नुहुन अनुरोध छ ।

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

यो रसिद हराई अकलि भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।

मार्फत:
मुक्तिनाथ क्यापिटल लि.
MUKTINATH CAPITAL LTD.
A Subsidiary of Muktinath Bikas Bank Ltd.
प्रधान कार्यालय, नारायणचौर, नक्साल, काठमाण्डौं
फोन नं. ४५४६१०८ / ०५ / ४५४६४७०
इमेल: info@muktinathcapital.com
वेभसाइट: www.muktinathcapital.com

रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.

Applicant's Name					
Company's Name	KANTIPUR PHARMACEUTICALS LAB LIMITED				
No. of Shares Applied		Call Money per Share	Rs.100	Amount Deposited (Rs.)	
Amount in Words					

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

For Official Use Only:
Received by:
Date:
Stamp

Code No.
हितग्राही DP ID
खाता नं. Client ID

चेक भुक्तान नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ ।

१. बोर्डबाट्टा सरेको शेयर बराबरको रकम सम्बन्धित आवेदकले आवेदन फारामसंग जम्मा गरेको छैन तथा वित्तीय संस्थाको बैंक खातामा सोभी जम्मा हुने गरी बिक्री मुजबको गरी व्यवस्था गर्नु पर्नेछ ।
२. आवेदन फारामका उल्लेख गरेको रकम सम्बन्धित बैंक खातामा जम्मा नभई विधिवत फारामको बिक्री भएको खुलाइ सम्बन्धित आवेदकलाई सो सम्बन्ध दोहोरो प्रतिलिपि सहित आधारभित्र बैंक तथा वित्तीय संस्थाको छाप्पा समेत उपलब्ध गराउनु पर्नेछ ।
३. बोर्डबाट्टा सरेको शेयर बराबरको रकम वित्तिय संस्थाले दिएको भुक्तानी हुन नसकेको अवस्थामा सम्बन्धित आवेदकले आधारभित्र बैंक तथा वित्तिय संस्थाको छाप्पा समेत उपलब्ध गराए पश्चात आवेदक उपरोक्तानुसार पश्चात रोकी बैंक खातामा जम्मा गरी व्यवस्था मिलाइनेछ ।
४. आफ्नु उपस्थिति हुन सम्भने अवस्थामा वा रजिष्टर्ड पठाई मञ्जुरीनामा दिई र लिने दुबैले हस्ताक्षर गरी वा रजिष्टर्ड साथै मञ्जुरीनामा पालने व्यक्तिको कुनै आधिकारीक परिचय-पत्रको प्रतिलिपि समेत अभिभावं रुपमा संलग्न गर्नुपर्नेछ ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

मुक्तिनाथ क्यापिटल लि.
MUKTINATH CAPITAL LTD.
A Subsidiary of Muktinath Bikas Bank Ltd.

प्रधान कार्यालय, नारायणचौर, नक्साल, काठमाण्डौं
फोन नं. ४५४६१०८ / ०५ / ४५४६४७०
इमेलः info@muktinathcapital.com
वेभसाइटः www.muktinathcapital.com